नेपाल सरकार

# अर्थ मन्त्रालयको

# सूचना

हालै आएको विनाशकारी भूकम्पबाट घरहरु भत्की पिडित भएका आम जनसमुदायलाई घर छाउने जस्ता-पाताको सहज र सस्तो आपूर्ति होस् भन्ने उद्देश्यले विदेशबाट आयात हुने भन्सार संकेत नम्बर ७२.१०.४१.०० अन्तर्गत वर्गिकरण हुने जस्ता-पाता (कोरोगेटेड) मा लाग्ने भन्सार महशुल दर देहायका शर्तहरु पुरा गर्ने गरी ३० प्रतिशत बाट घटाई १५ प्रतिशत कायम गर्ने गरी नेपाल सरकारबाट मिति २०७२।०२।२१ मा निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## देहाय

क) यसरी पैठारी हुने जस्ता-पाता नेपाल गुणस्तर वा सो सरह मापदण्डको हुनु पर्नेछ।

ख) त्यस्तो जस्ता-पाता १२० ग्राम जिंक कोटेड हुनु पर्नेछ ।

ग) त्यसरी छुट दरमा पैठारी हुने जस्ता-पाता विराटनगर, विरगञ्ज, भैरहवा र सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट मात्र पैठारी गर्नु पर्नेछ ।

घ) यसरी पैठारी गरिने जस्ता-पाताको अधिकतम खुद्रा मूल्य (MRP) घोषणा भएको हुनु पर्नेछ ।